# स्थानीय राजपत्र

# किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, आश्विन महिना १३ गते, २०७९ साल (संख्याः२

**भाग-२**

## डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रम संञ्चालन कार्यविधि, २०७९

**मूल्य रु. ५**

# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६) किस्पाङ, आश्विन महिना १३ गते, २०७९ साल (संख्या:२

## भाग-२

डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रम संञ्चालन कार्यविधि, २०७९

किस्पाङ गाउँपालिका

**प्रस्तावनाः** किस्पाङ गाउँपालिका क्षेत्रमा कृषि/पशु प्राविधिक शिक्षामा जोड दिदैं वस्ति स्तरमा दक्ष कृषि/पशु प्राविधिक उत्पादन गरि शिक्षित युवाहरुलाइ व्यवसायीक खेती तर्फ उन्मुख गराउने र वस्ति स्तरमा कृषि/पशु प्राविधिक सेवा सहजरुपमा उपलब्ध गराई परम्परागत खेती प्रणालीलाई आधुनिकता तर्फ उन्मुख गराउने प्रयोजनको लागि स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ कार्यान्वयन गर्न  वाञ्छनीय भएकाले "**डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रम संञ्चालन कार्यविधि, २०७९**" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद — १

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"डिप्लोमा कृषि/ पशु  प्राविधिक विद्यार्थी छात्र वृति कार्यक्रम संञ्चालन कार्यविधि २०७९"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

## परिच्छेद — २

**२) परिभाषाःL**

क) "कृषि/पशु प्राविधिक भन्नाले" कृषि/पशु विषयमा डिप्लोमा उत्तिर्ण गरेका सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले, नुवाकोटलाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

घ) " डिप्लोमा" भन्नाले किस्पाङ गाउँपालिका भित्रका बाली/पशु विज्ञान विषयमा कम्तिमा तिन वर्षे कोर्ष वा सो सरहको शिक्षा सम्झनु पर्छ ।

ङ) "विद्यार्थी " भन्नाले  किस्पाङ गाउँपालिकामा स्थायी बसोबास गरि बाली/पशु  विज्ञान विषयमा डिप्लोमा अध्ययनरत छात्र छात्रा सम्झनुपर्दछ ।

च) "छात्रवृत्ति कार्यक्रम " भन्नाले डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रमका लागि गाउँ सभाबाट स्वीकृत कार्यक्रम  सम्झनु पर्दछ ।

छ) "शैक्षिक संस्था  " भन्नाले बाली/पशु विज्ञान विषयको अध्ययन अध्यापन हुने अनुमती प्राप्त शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद — ३



किस्पाङ गाउँपालिका

**३) कार्यक्रम कार्यान्वयन विधि र प्रकृया**

(क) गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार तोकिएको संख्यामा कार्यालयवाट कार्यक्रममा सहभागी हुन प्रस्ताव गर्नु पर्नेछ ।

(ख) डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रममा प्रस्ताव अनुसूचि १ वमोजिम गाउँपालिका कृषि/पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ग) प्रस्तावहरु मध्ये कृषि/पशु शाखाले स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाले कृषि/पशु विकास शाखाबाट पेश गरेको डिप्लोमा कृषि/पशु प्राविधिक विद्यार्थी छात्रवृत्ति कार्यक्रममा पेश भएका प्रस्ताव जस्ताको तस्तै वा संशोधन सहित स्वीकृत गर्न सक्नेछ ।

**४) प्रस्ताव मूल्याङ्कन विधिः**

प्रस्ताव मूल्याङ्कन गर्दा देहायका बिषयहरुका आधारमा मूल्याङ्कन गर्नु पर्नेछ । कृषि/पशु विकास शाखाले आधारहरु थप गर्न सक्नेछ ।

(क) विद्यार्थीको पारिवारीक अवस्था ।

(ख) गरिव जेहेन्दार ।

(ग) लक्षित समुदाय।

(घ) अन्य कुनै सोहि प्रकृतिको सेवा वा छुट लिए नलिएको ।

**५) भुक्तानी प्रकृयाः**

(क) स्वीकृत प्रस्ताव अनुसार कृषि/पशु विकास शाखाले सम्वन्धीत विद्यार्थीको विवरण र निर्णय सहित आर्थिक प्रशासन शाखामा सिफारिस गरी सम्वन्धित विद्यार्थीको बैंक खातामा भुक्तानी हुनेछ ।

(ख) छात्रवृत्ति रकम वार्षिक स्वीकृत बजेट अनुसार प्रति विद्यार्थी २०,०००।-(बिस हजार मात्र)प्रति वर्षका दरले उपलब्ध गराइनेछ ।

**६) दायित्व सृजना नहुनेः**

गाउँपालिकाबाट छात्रवृत्ति बापत प्राप्त रकम बाहेक अन्य विषयमा थप लागतको दायित्व कार्यालयमा रहने छैन ।

**७) छात्र वृति रकम प्रयोजन:**

गाउँपालिकाबाट प्राप्त रकम पठन कृषि/पशु विषयको अध्ययन प्रयोजनकै लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद — ४

**१४) विविध:**

यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु प्रचलित ऐन, नियम, कानूनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानून बमोजिम हुनेछ ।

किस्पाङ गाउँपालिका

## अनुसूचि १
## निवेदनको ढाँचा

मिति ………………………………

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

विषय छात्रवृत्ति पाउँ ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ……………………………… गते प्रकाशित सूचना अनुसार म ……………………शैक्षिक संस्थामा बाली/पशु विज्ञान विषयको डिप्लोमा ………… वर्षमा अध्ययनरत छु । मलाई सो विषय अध्ययन गर्नको लागि छात्रवृत्ति उपलब्ध गराइ कृषि/पशु प्राविधिक बन्न सहयोग गरिदिनुहुन आवश्यक कागजात यसै साथ संलग्न गरि विनम्र निवेदन गर्दछु ।

आवश्यक कागजातहरु

१. निवेदन
२. नागरिकताको प्रतिलिपि
३. सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र
४. शैक्षिक योग्यताको प्रतिलिपि
५. वडा कार्यालयको सिफारिस पत्र ।

निवेदक
नामथर
शैक्षिक संस्था नाम
हस्ताक्षर

आज्ञाले,
महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका